मन्थली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

मन्थली, रामेछाप,

बागमती प्रदेश

# सिलबन्दी दरभाउपत्र सम्बन्धी पुनः सूचना

**चौथो पटक प्रकाशित मिति : २०८२/०६/३०**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२)(घ) मा भएको ब्यबस्था अनुसार यस मन्थली नगरपालिकाले उठाउन पाउने आ.व. २०८२/०८३ (२०८२ कार्तिक देखि २०८३ अषाढ मसान्तसम्म) का लागि आन्तरिक श्रोत अन्तर्गत तपसिल बमोजिमको कर, शुल्क, दस्तुर संकलन कार्य ठेक्का बन्दोवस्तद्वारा गराउनु पर्ने भएको हुँदा इच्छुक फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही सिलबन्दी दरभाउपत्र आवेदन फाराम नगर कार्यपालिकाको कार्यालय, मन्थली, रामेछापबाट खरिद गर्न र सोह्रौ दिन दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र अङ्क पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम अंक (भ्याट बाहेक) | फर्म दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०७/MM/RS/ २०८१-८२ | मन्थली नगरपालिकाको तोकिएको क्षेत्रभित्र उत्सर्जित फोहरमैला व्यवस्थापन गर्ने दायित्व सहित फोहर व्यवस्थापन शुल्क संकलन र मन्थली बजारमा रहेका सार्वजनिक शौचालयको नियमित सरसफाइ गर्ने दायित्व सहित सार्वजनिक शौचालय प्रयोग शुल्क संकलन | ५,३१,०००।- | १०००।- | |

**ठेक्का शर्त तथा बन्देजहरु :-**

1. इच्छुक योग्य बोलपत्रदाताहरूले माथि उल्लेखित नगद दस्तुर (फिर्ता नहुने) नगदै बुझाई सक्कल नगदी रसिद साथ फर्मको हकमा आ.ब. २०८१/०८२ को लागि नविकरण भएको इजाजत-पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०/०८१ को करचुक्ता गरिएको प्रमाणको प्रतिलिपि र प्रतिनिधी मार्फत दर्ता गराउन चाहनेले सक्कल अख्तियारीनामा वा व्यक्तिको हकमा स्थायी लेखा नं. को प्रतिलिपि र नागरिकताको प्रतिलिपी संलग्न राखी बोलपत्र उपलब्ध गराउन यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले अन्तिम दिन कार्यालय समयभित्र लिखित निवेदन दिएर दरभाउ पुस्तिका खरिद गर्न सकिनेछ ।
2. जसको नाममा दरभाउ पुस्तिका खरिद गरिएको हो सोही व्यक्ति वा फर्मले मात्रै दरभाउ पत्र दाखिला गर्नु पर्नेछ ।
3. ठेक्का लिने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको ५% धरौटी राख्नु पर्नेछ । धरौटी वापत रकम मन्थली नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैक, मन्थली शाखामा रहेको १६८०१००३०३००००२ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर सहित सम्लग्न गरि सिलबन्दी दरभाउपत्र माथि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० वजेसम्म दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २:०० वजे नियमानुसार कर्मचारी प्रतिनिधि र ठेकेदार प्रतिनिधिको रोहवरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
4. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने मितिमा सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमश हुनेछ ।
5. सिलबन्दी दरभाउपत्र फाराममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ । दररेटको अंक अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
6. ठेकेदारले कवोल गरेको रकम तीन (३) किस्तामा बुझाउनु पर्नेछ । सम्झौता गर्न आँउदा प्रथम किस्ता वरावरको रकम नगदै वा मन्थली नगरपालिकाको रा.वा बैंक मन्थलीको आन्तरिक आय खाता नं. १६८०१००३०१०१०००२ मा जम्मा गरी बुझाउनु पर्नेछ बाँकी रकम वरावरको एक वर्ष म्याद भएको "क" वर्गको बाणिज्य बैकबाट जारी भएको बैंक जमानत पत्र बुझाउनु पर्नेछ । बाँकी दुई किस्ताको रकम मध्ये २०८२ साल फागुन महिनाभित्र दोश्रो किस्ता र २०८३ बैशाख महिनाको पहिलो हप्तासम्ममा तेश्रो किस्ता रकम दाखिला गर्नुपर्नेछ ।
7. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्थली नगरपालिका नगरकार्यपालिकामा निहित रहनेछ ।
8. ठेक्का सम्झौता हुँदा ठेक्का अंकको पूरै रकम कार्यालयमा दाखिला गरेमा बढीमा १० प्रतिशतसम्म छुट दिन सकिने छ ।
9. ठेक्का कवोल गर्ने ठेकेदारले नगर कार्यपालिकाले तोकिदिएको शुल्क उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार स्वयंले आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित वाहेकका रसिदबाट शुल्क उठाइएको र कर संकलन गर्दा नगरपालिकाले तोकेको दरभाउभन्दा बढि लिएको उजुरी वा जानकारी कार्यालयमा प्राप्त भएमा प्रचलित कानुन बमोजिम कारवाहि हुनेछ ।
10. यस ठेक्काको अन्य सूचना मन्थली नगरपालिकाको *Website: manthalimun.gov.np* मा हेर्न सकिनेछ ।
11. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत